# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, वैशाख २८ गते २०३३ साल [ संख्या ४


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

**सरकारी वकीलसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०३३**

सरकारी वकीलसम्बन्धी नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५को सरकारले देहायको नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "सरकारी वकीलसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सरकारी वकीलसम्बन्धी नियमावली, २०२८ को नियम ५ मा संशोधनः–(१) सरकारी वकीलसम्बन्धी नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को उप-नियम (१) को खण्ड (क) मा रहेको "कानून प्रमाणपत्र" भन्ने शब्दहरूको सट्टा "कानूनको प्रमाणपत्र" भन्ने शब्दहरू राखिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मूल नियमावलीको नियम ५ को उप–नियम (२) मा रहेको "कम्तिमा तीन वर्ष" भन्ने शब्दहरू झिकिएका छन् ।

३. मूल नियमावलीको नियम ६ मा संशोधनः– मूल नियमावलीको नियम ६ को उप–नियम (२) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "श्री ५ को सरकारको पूर्व स्वीकृती लिई" भन्ने शब्दहरू झिकिएका छन् र सोही प्रतिवन्धात्मक वाक्यांशमा रहेको "निमित्त" भन्ने शब्दको सट्टा "लागि" भन्ने शब्द राखिएको छ ।

४. मूल नियमावलीको नियम ८ मा संशोधनः मूल नियमावलीको नियम ८ को उप–नियम (२) मा रहेको "क्षेत्रको" भन्ने शब्दको सट्टा "क्षेत्रीय" भन्ने शब्द राखिएको छ ।

५. मूल नियमावलीको नियम ९ मा संशोधनः मूल नियमावलीको नियम ९ को उप–नियम (२) मा रहेको "सरकारी वकीलका पदलाई" भन्ने शब्दहरूको सट्टा "सरकारी वकील–लाई" भन्ने शब्दहरू र "क्षेत्रका" भन्ने शब्दको सट्टा "क्षेत्रीय" भन्ने शब्द राखिएको छ ।

६. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को उप–नियम (१) मा रहेको "महान्यायाधिवक्ताको कार्यालयका" भन्ने शब्दहरूको सट्टा "सबै" भन्ने शब्द राखिएको छ ।

७. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छ ।

"१३. आर्थिक व्यवस्था तथा लेखाः (१) महान्यायाधिवक्ताको कार्यालय लगायत सबै सरकारी वकील कार्यालयहरूको आवश्यक खर्चको बजेट माग श्री ५ को सरकारमा पेश गर्ने र सो कार्यालयहरूको लागि स्वीकृत बजेट अन्तर्गत खर्च निकासा दिने, मिन्हा मौजरा गराउने, लेखा तैयार र परीक्षण गराउने दायित्व वरिष्ठ सरकारी अधिवक्ताको हुनेछ ।

(२) क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालय, सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ताको कार्यालय र सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालयहरूले आ–आफ्नो कार्यालयहरूको आवश्यक खर्चको बजेट माग समयमै सम्बन्धित क्षेत्रीय सरकारी अधिवक्ता कार्यालय मार्फत महा–न्यायाधिवक्ताको कार्यालयमा पठाउनुपर्छ ।

(३) वरिष्ठ सरकारी अधिवक्ताले प्रत्येक क्षेत्र अन्तर्गत पर्ने सबै सरकारी वकील कार्यालयहरूका लागि स्वीकृत बजेट रकममध्ये प्रत्येक त्रैमासिकको हिसाबले हुन आउने रकम सम्बन्धित कार्यालयको खातामा जम्मा गराई दिनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. <u>मूल नियमावलीको नियम १४ मा संशोधन:</u> मूल नियमावलीको नियम १४ को,–

(१) उप-नियम (२) मा रहेको "महान्यायाधिवक्ताको कार्यालयमा र" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उप–नियम (३) को सट्टा देहायको उप–नियम (३) राखिएको छ :–

"(३) प्रत्येक क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालयले गरेको काम कारवाईको मासिक प्रतिवेदन र मातहत कार्यालयहरूले गरेको काम कारवाईको विवरण देखिने गरी अनुसूचीको फाराम १ र २ बमोजिमको ढाँचामा महान्यायाधिवक्ताको कार्यालयमा पठाउनुपर्छ ।"

(३) उप–नियम (६) को सट्टा देहायको उप–नियम (६) राखिएको छ :–

"(६) महान्यायाधिवक्ताको कार्यालय बाहेक अरू सबै सरकारी वकीलको कार्यालयले मासिक प्रतिवेदन महीना समाप्त भएको सात दिनभित्र र प्रत्येक आर्थिक वर्षको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महीनाभित्र पठाउनुपर्छ । महान्यायाधिवक्ताको कार्यालयको हकमा प्रत्येक आर्थिक वर्षको प्रतिवेदन सबै क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालयबाट प्रतिवेदन प्राप्त भई सकेको एक महीनाभित्र पठाउनुपर्छ ।

तर,

(क) आर्थिक वर्षको अन्तिम महीनाको मासिक प्रतिवेदन वार्षिक प्रतिवेदन साथ पठाउन सकिनेछ ।

(ख) क्षेत्रीय सरकारी अधिवक्ताले महान्यायाधिवक्ताको कार्यालयमा वार्षिक प्रतिवेदन पठाउँदा वा महान्यायाधिवक्ताका कार्यालयले कानून तथा न्याय मन्त्रालय मार्फत श्री ५ को सरकारमा वार्षिक प्रतिवेदन पठाउँदा आफू मातहतका वा प्रत्येक सरकारी वकील कार्यालयहरूको काम कारवाई र तत्सम्बन्धी तेरीजको अतिरिक्त सरकारी वकील प्रशासनको वास्तविक स्थितिको चित्रण गरी यस सम्बन्धमा बढी सुधार गर्ने सिफारिश र सुझावहरू समेत उल्लेख भएको हुनुपर्छ ।"

९. <u>मूल नियमावलीको नियम १५ मा संशोधन:</u> मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छ :–

"१५ <u>मुख्य कानूनी सल्लाहकारको हैसियतमा काम</u> : (१) श्री ५ को सरकार वा श्री ५ बाट तोकिबक्सको अन्य अधिकारीबाट पठाइएको संवैधानिक वा कानूनी विषयमा राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुनेछ ।

५२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) महान्यायाधिवक्ताको अनुपस्थितिमा श्री ५ बाट कायम मुकायम महान्यायाधिवक्ताको व्यवस्था नगरी बक्सेसम्म निजले यस नियमावली-बमोजिम गर्नु पर्ने सबै काम कारवाई वरिष्ठ सरकारी अधिवक्ताले गर्नेछ।"

१०. मूल नियमावलीको नियम १७ मा संशोधन: मूल नियमावलीको नियम १७ को उप-नियम (३) झिकिएको छ।

११. मूल नियमावलीमा परिच्छेद ५ क. थप: मूल नियमावलीको परिच्छेद ५ पछि देहायको परिच्छेद ५ क. थपिएको छ :–

"परिच्छेद– ५ क.

क्षेत्रीय सरकारी अधिवक्ता

२०क. क्षेत्रीय सरकारी अधिवक्ता: यो नियमावलीका अधीनमा रही क्षेत्रीय सरकारी अधिवक्ताको कर्तव्य देहायबमोजिम हुनेछ :–

(क) क्षेत्रीय अदालतमा श्री ५ को सरकारलाई सरोकार पर्ने देवानी वा फौजदारी मुद्दामा श्री ५ को सरकार वा श्री ५ को सरकारको कर्मचारीको तर्फबाट पुनरावेदन, निवेदन, प्रतिउत्तरपत्र दायर गर्ने गराउने र उपस्थित भै बहस पैरवी गर्ने,

(ख) अन्य कुनै अदालतमा श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दामा श्री ५ को सरकारले वा महान्यायाधिवक्ताले खटाएमा श्री ५ को सरकार वा श्री ५ को सरकारको कर्मचारीको तर्फबाट पुनरावेदन, निवेदनपत्र दायर गर्ने गराउने र उपस्थित भै बहस पैरवी गर्ने,

(ग) अन्य कुनै अदालतमा कुनै विशेष महत्त्व भएको मुद्दामा श्री ५ को सरकारले खटाएबमोजिम कुनै पक्षकै तर्फबाट उपस्थित भै बहस पैरवी गर्ने,

(घ) श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दामा कुनै अदालतबाट भएको निर्णयमा इन्साफ जचाउन वा पुनरावेदन गर्न माग गर्न पाउनेमा सो माग गर्न श्री ५ को सरकार वा श्री ५ को सरकारको कर्मचारीको तर्फबाट निवेदन दिई कारवाई गर्ने गराउने,

(ङ) महान्यायाधिवक्ताले तोकेको अन्य कुनै काम गर्ने,

(च) यस नियमावलीबमोजिम पाएको प्रशासकीय अधिकारमध्ये सबै वा केही अधिकार महान्यायाधिवक्ताको पूर्व स्वीकृति लिई आफूमुनिको अन्य कुनै अधिकृतद्वारा प्रयोग गर्न पाउने गरी आफ्नै पूर्ण उत्तर दायित्वमा प्रत्यायोजन गर्ने।

६८६ ८५८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०ख. राय सल्लाह दिने : आफ्नो क्षेत्रभित्रका कार्यपालिका तर्फका क्षेत्रीय स्तरको कार्यालयले वा कुनै विभागीय प्रमुखले कानूनी विषयमा राय सल्लाह मागेमा सो दिनु क्षेत्रीय सरकारी अधिवक्ताको कर्तव्य हुनेछ।

तर क्षेत्रीय सरकारी अधिवक्ता बसेको जिल्ला बाहेक अरू जिल्लाका विभागीय प्रमुखले उक्त राय निजसंग माग्न परेमा स्थानीय सरकारी वकीलसंग राय नलिएको वा रायमा चित्त नबुझेको कारण समेत खुलाई रायको प्रतिलिपि संलग्न गरी पठाएको हुनुपर्छ।"

१२. मूल नियमावलीको नियम २३ मा संशोधन : मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छ।

"२३ राय सल्लाह दिने : (१) अञ्चलभित्रका कार्यपालिका तर्फका अञ्चल स्तरीय कार्यालयले वा कुनै विभागीय प्रमुख वा अड्डा प्रमुखले कानूनी विषयमा राय सल्लाह मागेमा सो दिनु सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ताको कर्तव्य हुनेछ।

(२) जिल्लाभित्रका कार्यपालिका तर्फका जिल्ला स्तरको कार्यालयले वा कुनै विभागीय प्रमुख वा अड्डा प्रमुखले कानूनी विषयमा राय सल्लाह मागेमा सो दिनु सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कर्तव्य हुनेछ।

१३. मूल नियमावलीको नियम २६ मा संशोधन : मूल नियमावलीको नियम २६ को सट्टा देहायको नियम २६ राखिएको छ:-

"२६ पुनरावेदन गर्ने सम्बन्धी कार्यविधि : (१) कुनै सरकारी वकीलले कारवाई वा बहस पैरवी गरेको मुद्दामा पुनरावेदन गर्नलाई भएसम्म सोही सरकारी वकीलले र नभए सोही कार्यालयको अरू सरकारी वकीलले पुनरावेदन मसौदा तैयार गरी फाइल संलग्न राखी पुनरावेदन गर्ने प्रस्ताव पुनरावेदन दायर गर्ने माथिल्लो सरकारी वकील कार्यालयमा पुनरावेदन म्याद शुरू भएको दश दिनभित्र पठाइ सक्नुपर्छ। आफ्नै कार्यालयबाट पुनरावेदन दायर गर्नु पर्ने भए कार्यालयको मुख्य सरकारी वकील समक्ष प्रस्तुत गर्नु पर्दछ। कार्यालयमा आफूमाथि कोही नभए आफैंले उप-नियम (२) बमोजिम कारवाई गर्नुपर्छ।

(२) उप-नियम (१) अनुसार मातहत कार्यालय वा सरकारी वकीलबाट प्रस्ताव प्राप्त भएपछि सम्बन्धित कार्यालयको मुख्य सरकारी वकीलले पुनरावेदन तैयार गरी गराई श्री ५ को सरकार तर्फबाट पुनरावेदन दायर गर्नु गराउनु पर्छ। पुनरावेदन गर्नु नपर्ने वा उपयुक्त नहुने देखेमा नियम २७ को उप-नियम (२) बमोजिम गर्नुपर्छ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. मूल नियमावलीको नियम २७ मा संशोधनः मूल नियमावलीको नियम २७ को सट्टा देहायको नियम २७ राखिएको:–

"२७. पुनरावेदन नगर्ने सम्बन्धी कार्यविधिः (१) श्री ५ को सरकारले लगाएको अभियोग वा गरेको बिगो दाबीका सम्बन्धमा निर्णय हुँदा इन्साफको रोहले किटी अभियोग लगाइएको व्यक्तिको अतिरिक्त अरू व्यक्ति पनि कसूरदार ठहरेकोमा वा एक व्यक्ति उपर गरेको बिगो दाबीका दायित्व अर्को व्यक्ति उपर ठहरेकोमा सम्बन्धित सरकारी वकीललाई पुनरावेदन गर्नु नपर्ने लागेमा सम्बन्धित सरकारी वकीलले नियम २६ अनुसार पुनरावेदन मसौदा फाइल समेत संलग्न गरी कारण खुलाई पुनरावेदन नगर्ने प्रस्ताव पुनरावेद दायर गर्ने माथिल्लो सरकारी वकील कार्यालयमा पुनरावेदन म्याद शुरू भएको दश दिनभित्र पठाउनुपर्छ। आफ्नै कार्यालयबाट पुनरावेदन दायर गर्नु पर्ने रहेछ भने पनि एक तह माथिल्लो सरकारी वकील कार्यालयमा पठाउनुपर्छ र त्यस्तो पुनरावेदन नगर्ने प्रस्ताव पठाउँदा सम्बन्धित सरकारी वकीलले आफ्नो कार्यालयको मुख्य सरकारी वकील अरू भए निजको राय समेत समावेश गरी पठाउनुपर्छ।

(२) उप–नियम (१) अन्तर्गत पुनरावेदन नगर्ने प्रस्ताव प्राप्त भएपछि माथिल्लो सरकारी वकील कार्यालयको मुख्यले पनि पुनरावेदन गर्नु नपर्ने वा उपयुक्त नहुने देखेमा निकासाको लागि महान्यायाधिवक्ता छेउ पठाउने छ र भएका निकासाबमोजिम गर्ने गराउने छ। पुनरावेदन गर्नु पर्ने देखेमा सोहीबमोजिम गर्न निकासा दिनेछ र आफ्नै कार्यालयबाट पुनरावेदन गर्नु पर्नेमा सोबमोजिम गर्ने गराउने छ।"

१५. मूल नियमावलीको नियम २८ मा संशोधनः मूल नियमावलीको नियम २८ को सट्टा देहायको नियम २८ राखिएको छः–

"२८. न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १३ अन्तर्गत क्षेत्रीय वा सर्वोच्च अदालतमा पुनरावेदन गर्न अनुमति माग्ने सम्बन्धी कारवाईः (१) न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १३ को उप–दफा (३) वा (४) बमोजिम अञ्चल अदालतको फैसला वा अन्तिम आदेश उपर पुनरावेदनको अनुमतिका लागि क्षेत्रीय अदालतमा निवेदन दिन उपयुक्त लागेमा सम्बन्धित सरकारी वकीलले निवेदन मस्यौदा गरी कारण खुलाई निवेदन गर्ने प्रस्ताव क्षेत्रीय सरकारी अधिवक्ता छेउ फैसला वा अन्तिम आदेश भएको दश दिनभित्र पठाउनुपर्छ। क्षेत्रीय सरकारी अधिवक्ताले सोबमोजिम प्रस्ताव प्राप्त भएपछि उपयुक्त सम्झेमा श्री ५ को सरकारको तर्फबाट क्षेत्रीय अदालतमा निवेदन दिने दिलाउने छ।

(२) क्षेत्रीय सरकारी अधिवक्ताको विचारमा न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १३ को उप–दफा (५) को देहायको खण्ड (ख) अन्तर्गत पुनरावेदन गर्न पाउने अनुमतिका लागि सर्वोच्च अदालतमा निवेदन दिन उपयुक्त लागेमा निवेदन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मस्यौदा गरी कारण खुलाई निवेदन गर्ने प्रस्ताव क्षेत्रीय अदालतको फैसला भएको दश दिनभित्र महान्यायाधिवक्ता छेउ प्रस्ताव पठाउनुपर्छ । महान्यायाधिवक्ताले सोबमोजिम प्रस्ताव प्राप्त भएपछि उपयुक्त सम्झेमा श्री ५ को सरकार तर्फबाट सर्वोच्च अदालतमा निवेदन दिने दिलाउने छ ।"

१६. मूल नियमावलीको नियम ३० मा संशोधन : मूल नियमावलीको नियम ३० को सट्टा देहायको नियम ३० राखिएको छ :–

"३०. विशेष रूपले सरकारी वकील खटाएको मुद्दामा : नियम २६, २७ र २८ मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले दायर गर्ने वा प्रतिरक्षा गर्ने वा वहस पैरवी गर्ने विशेष रूपले सरकारी वकील खटाएका मुद्दामा पुनरावेदन दिनु नपर्ने भन्ने महान्यायाधिवक्तालाई लागेमा निजले श्री ५ को सरकारको निकासा लिई सोबमोजिम गर्नु गराउनु पर्नेछ ।"

१७. मूल नियमावलीको नियम ३१ मा संशोधन: मूल नियमावलीको नियम ३१ को सट्टा देहायको नियम ३१ राखिएको छ :–

"३१. पुनरावलोकन र दोहर्‍याउने सम्बन्धी कार्यविधि: श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दामा सर्वोच्च अदालतले गरेको फैसला वा निर्णयमा पुनरावलोकन गराउनु वा दोहर्‍याउनु पर्ने महान्यायाधिवक्तालाई लागेमा सो गराउन निजले आवश्यक कारवाई गर्नेछ ।"

१८. मूल नियमावलीको नियम ३३ मा संशोधन : मूल नियमावलीको नियम ३३ को सट्टा देहायको नियम ३३ राखिएको छ:–

"३३. अन्य अदालतका सम्बन्धमा लागू हुने: नियम २६, २७ र २८ मा उल्लेख भएको कार्यविधि सर्वोच्च अदालतले पुनरावेदन सुन्ने अधिकार क्षेत्र अन्तर्गतका क्षेत्रीय अदालत, अञ्चल अदालत वा सो स्तरको अन्य अदालत वा अरू कुनै अड्डा अदालतले निर्णय गरेको मुद्दाको सम्बन्धमा समेत लागू हुनेछ ।"

१९. मूल नियमावलीको अनुसूचीमा संशोधन: मूल नियमावलीमा रहेको अनुसूचीको सट्टा यसैसाथै संलग्न अनुसूची राखिएको छ ।

२०. खारेजी: मूल नियमावलीको नियम ४, १० र १९ क. खारेज गरिएका छन् ।

७६१ ८६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–
फाराम नं. १
(नियम १४ (१) संग सम्बन्धित)
श्री ५ को सरकार
... ... ... ... कार्यालय ... ... ... ...
... ... ... साल ... ... महीनाको ... ... मासिक, वार्षिक प्रतिवेदन

(क) कानूनी राय सल्लाह

१. यो ... ... ... महीनामा । सालमा राय सल्लाह दिएको संख्या ... ... ...
२. यो सालमा गत: महीनासम्म । गत: सालमा राय सल्लाह दिएको संख्या ... ... ...
३. राय सल्लाह दिन बाँकी संख्या ... ...

| राय सल्लाह निमित्त पत्र प्राप्त मिति | राय सल्लाह माग्ने अधिकारी | राय सल्लाहको विषय | राय सल्लाह दिएको मिति | राय सल्लाह दिन बाँकी हुनाको कारण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

(वार्षिक प्रतिवेदनमा देखिएको बाँकी अर्को बर्षमा जिम्मेवारी सार्नुपर्छ)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## (ख) देवानी मुद्दाको कारवाई विवरण

| मुद्दाको नाम | प्रतिवादीको नाम | राय सल्लाह दिएको भए सो दिएको मिति | मुद्दा दायर गर्ने निकासा दिने अधिकारी | मुद्दा दायर गर्ने निकासा प्राप्त मिति | अदालतमा मुद्दा दायर मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

( वार्षिक प्रतिवेदनमा मुद्दा दायर गर्ने निकासा प्राप्त भएको अदालतमा दायर भएको, दायर हुन बाँकीको संख्या र त्यस्ताको दायर गर्ने निकासा प्राप्त मिति र दायर हुन नसकेको कारणसमेत खुलाउनुपर्छ र त्यस्तो बाँकी अर्को वर्षमा जिम्मेवारी सार्नुपर्छ । )

## (ग) फौजदारी मुद्दाको कारवाई विवरण

| ाको नाम | अभियुक्तको नाम | प्रहरीमा जानकारी भएको वा दरखास्त गरेको मिति | प्रहरीले सम्पर्क राखेको मिति | तहकिकातमा आफू उपस्थित भएको नभएको | तहकिकात भएको मिति | प्रहरीले मुद्दा दायर गर्न पठाएको मिति | अदालतमा दायर भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

(वार्षिक प्रतिवेदनमा तहकिकात वा दायर हुन बाँकी रहेको अर्को वर्षमा जिम्मेवारी सार्नुपर्छ )

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## (घ) सरकारी मुद्दाको बहस पैरवी

| मुद्दा दायर भएको अड्डा अदालत | | साविक आर्थिक वर्षबाट जिम्मा-वारी आएको | | हाल फलाना आर्थिक वर्षको | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | देवानी | फौजदारी | देवानी | फौजदारी | देवानी | फौजदारी | |
| लगत<br>अड्डा अदालत फलाना | | | | | | | | |
| टुङ्गो लागेको | | | | | | | | |
| अड्डा अदालत फलाना | सफल | | | | | | | |
| | असफल | | | | | | | |
| | केही सफल | | | | | | | |
| टुङ्गो नलागेको | | | | | | | | |
| अड्डा अदालत फलाना | | | | | | | | |

मितिः- सरकारी वकीलको दस्तखत... ... ... ...

(अड्डा अदालत फलाना भनी उल्लेख भएको जतिमा जिल्ला अदालत वा अञ्चल अदालत अरू कुनै अड्डा अदालतको नाम क्रमैसँग राखी प्रत्येकका हकमा महलबमोजिम छुट्टा छुट्टै विवरण थप गरी लेख्नुपर्छ ।)

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम नं. २

(नियम १४ को उप-नियम (२) र (३) सँग सम्बन्धित)

पुनरावेदनसम्बन्धी

| मातहत कार्यालयहरूबाट पुनरावेदन–सम्बन्धी प्राप्त प्रस्तावको संख्या | आपनो कार्यालयको तर्फबाट बहस पैरवी भै केही सफल वा असफल भएका मुद्दामा पुनरावेदनसम्बन्धी सूचना प्राप्त भएको संख्या | जम्मा | पुनरावेदन गरेको संख्या | पुनरावेदन सम्बन्धी प्रस्ताव पठाएको संख्या | पुनरावेदन नगर्ने निकासा दिएको संख्या | जम्मा | पुनरावेदन-सम्बन्धी कारवाई हुन बाँकी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

६६५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम नं. ३ (नियम १४ (४) संग सम्बन्धित)

नेपाल अधिराज्यका

महान्यायाधिवक्ताको कार्यालय

... ... ... साल ... ... ... महीनाको ... ... ... ... ...

## मासिक प्रतिवेदन

| सम्बन्धित सरकारी वकीलको नाम | राय सल्लाह सम्बन्धी | | बहस पैरवीसम्बन्धी | | | | | पुनरावेदनसम्बन्धी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | टुंगो लागेको | | | | टुंगो नलागेको | फछ्र्यौट भएको | | | | |
| | राय सल्लाह दिएको | राय सल्लाह दिन बाँकी | सफल | असफल | केही सफल | जम्मा | | पुनरावेदन गरेको | पुनरावेदन गर्न लेखी गएको | पुनरावेदन नगर्ने निकासा भएको | जम्मा | |
| | | | | | | | | | | | | |

आज्ञाले—

हरिप्रसाद शर्मा

श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।